# स्थानीय राजपत्र

## याङवरक गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६)　　थर्पु, पाँचथर　　असार २७ गते, २०७९ साल　　(संख्या २


# भाग १

## याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

याङवरक गाउँपालिका, गाउँ सभाको मिति २०७९/०३/२४ गते सम्पन्न एघारौं अधिबेशनको दोस्रो बैठकले पारित गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**संवत २०७९ सालको ऐन संख्या-२**

### याङवरक गाउँपालिकाको विनियोजन सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम याङवरक गाउँ सभाले यो ऐन बनाएको छ।

१.　**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "याङवरक गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२)　यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७९/८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु ५२,३९,४४,८४५.८९ (अक्षरेपी रु. बाहुन्न करोड उन्तिस लाख चौहालिस हजार आठसय पौतालिस रुपैया उनानब्बे पैसा ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त याङवरक गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सकिनेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम साउन सकिनेछ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट से शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न गाउँसभाको स्वीकृति लिनुपर्नेछ।

**अनुसूची-१**

( दफा २ सँग सम्बन्धित)

नेपालको सम्बिधानको धारा २२९ (२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | गाउँ कार्यपालिका | ३२४१४१४४६।० | १७९६५१५९९।८९ | राजश्व बाँडफाँड, आन्तरिक आय, समपुरक, विषेश, समानिकरण र सशर्त | ५०३७९३०४५।८९ |
| २ | वडा | ३००००००।० | १७१५१८००।० | राजश्व बाँडफाँड र समानिकरण | २०१५१८००।० |
| ३ | ऋणको सावा व्याज भुक्तानी | ० | ० | - | ० |
| ४ | लगानी (शेयर/ ऋण) | ० | ० | - | ० |
| | **जम्मा** | **३२७१४१४४६।०** | **१९६८०३३९९।८९** | | **५२३९४४८४५।८९** |

**प्रमाणीकरण मिति: २०७९/०३/२४**

**आज्ञाले**
**सुमन लिङदेन (लिम्वु)**
**प्रमुख प्रशासकीय अधिकृत**